ललितपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुल्चोक, ललितपुर, ३ नं. प्रदेश, नेपाल

## कसिंगर मुक्त ललितपुर अभियान सम्बन्धि प्रेस विज्ञप्ती

यस ललितपुर महानगरपालिकामा बसोबास गर्ने तथा यहाँ आउने सबैका लागि यहाँको सफा वातावरणमा बस्न र रमाउन सफा शहरको परिकल्पनाका साथ र मिति २०७५/२/२६ फोहरमैला व्यवस्थापन विषयमा आयोजित सरोकारवालाहरु को बृहत भेलाको निर्देशानुसार आज मिति २०७५/०५/०१ गते देखि यस महानगरपालिकामा "कसिंगर मुक्त ललितपुर अभियान" शुरु भएको घोषणा गरिन्छ ।

यो अभियानमा ललितपुर महानगरपालिका कार्यालय (LMC), फोहरमैला व्यवस्थापन प्राबिधिक सहयोग केन्द्र (SWMTSC) तथा ललितपुरका रोटरी क्लबहरुको संजाल (NRCL) को अगुवा भूमिका रहनेछ। महानगरपालिका भित्र रहेका अन्य संघसंस्थाहरु तथा प्रमुखरुपमा यहाँका महिला समूह, युवा समूह, टोल सुधार समितिल (टोल विकास संस्था) तथा सरसफाई अधियानमा सकिय सबै संघसंस्थहरु सित सहकार्य गरी यो अभियान अगाडी बढाइने छ ।

यो अभियानको मुख्य उद्देश्य भनेको स्थानीयबासी तथा यहाँ बस्ने सम्पूर्ण वासीहरुमा स्रोतमा नै फोहर न्यूनीकरण गर्ने, फोहरलाई कुहिने, काम लाग्ने, बेच्न मिल्ने जस्ता प्रकारमा घर-घरमै छुट्याउने, फोहर बाहिर बाटो वा खुल्ला ठाउँमा नफाल्ने र व्यावसायहरु जसले फोहर उत्पादन हुने सामान उत्पादन गर्दछन्, ती उत्पादकलाई नै फोहर (जस्तै प्लाष्टिकका प्याकेज, आदि) फिर्ता लिन आग्रह गर्ने जस्ता विषयमा जनचेतना अभिबृद्धि गराउने र व्यवहारमा लागु गर्ने गराउने रहेको छ । त्यसै गरी फोहर जथाभावी फाल्दा र फोहर जलाउँदा मानव स्वास्थ्य र वातावरणमा पर्ने असरहरुका वारेमा जनचेतना बढाउने र उचित समाधानका उपायमा अग्रसर हुने सहयोग गर्ने लक्ष्य पनि यो अभियानले लिएको छ ।

यस बर्ष २०७५ सालमा ल.म.पा.को बडा नं १२ र १६ मा यो अभियान अगुवा कार्यक्रमका रुपमा संचालन गर्ने र आगामि चार बर्षमा संपूर्ण ललितपुर महानगरपालिका क्षेत्रमा यो अभियान संचालन गर्ने कार्ययोजना रहेको छ ।

दिगो फोहरमैला व्यवस्थापनका लागि स्थानीयबासीहरु नै सबैभन्दा महत्वपूर्ण भूमिका रहने कारण यो अभियानमा स्थानीय टोलबासीहरु, विद्यालयहरु, संघसंस्थाहरु तथा सम्मूर्ण बुद्धिजिवी एवम् अगुवा महानुभावहरुको साथ, सल्लाह र सहयोगको लागि ललितपुर महानगरपालिका कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७५/०५/०१

राजु महर्जन

प्रवक्ता